SAGAR DISTILLERY
www.sagardistilleries.com

Regd. No.: 313023/79/080
info@sagardistilleries.com

Sagar Distillery Limited
Nepal
★ Reg. No. 313023 ★

पत्र संख्याः २०८२।८३
चलानी नं.

मितिः २०८२।०९।०५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ।

**विषयः वार्षिक साधारण सभाको सूचनामा भएको त्रुटी सच्याई पुनः प्रकाशन गरिएको सम्बन्धमा।**

महाशय,

उपरोक्त सम्बन्धमा, यस कम्पनीको तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८२।०९।०४ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएकोमा उक्त सूचनामा छलफलका विषयहरु अन्तर्गत भुलवश विशेष प्रस्ताव उल्लेख गर्न छुट भएको हुनाले मिति २०८२।०९।०५ गतेको नागरिक दैनिक राष्ट्रिय दैनिक पत्रिकामा सो व्यहोरा सच्याई पुनः प्रकाशन गरिएको व्यहोरा जानकारी गराउँदछौं।

साथै, वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८२।०९।०५ गतेको नागरिक दैनिक राष्ट्रिय दैनिक पत्रिकामा संलग्न गरिएको बमोजिम प्रकाशित गरिएको व्यहोरा समेत जानकारी गराउँदछौं।

भवदीय,

..................................
सौरभ कारंजित
कम्पनी सचिव

बोधार्थः
१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ।
३. श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, काठमाण्डौ।

NEPSE BULLS | The GOVERNOR SMOKEWOOD CASK WHISKY | GREY WOLF PLATINUM FILTERED | BERRIES & BLUES | ROYAL BLUE PERFECTLY SMOOTH | MAXX

# एमाले महाधिवेशनबाट ‘जेनजी विद्रोह’ अस्वीकृत

पृष्ठ १ बाट

‘आपराधिक कृत्यहरूको उद्देश्य एकैसाथ मुलुकको लोकतान्त्रिक संरचना ध्वस्त पार्ने, अर्थतन्त्रको मेरुदण्ड भाँच्ने, समाजमा भय र त्रासको वातावरण बनाउँदै नागरिकलाई निरीह तुल्याउने र क्रमशः असफल राष्ट्रतिर धकेल्ने थियो ।

देशलाई माया गर्ने कुनै पनि नवयुवाबाट यस्तो काम हुन सक्छ भन्ने नेकपा एमाले ठान्दैन र यो जेनजीहरुबाट भएको होइन भन्नेमा पार्टी विश्वस्त छ । यस राष्ट्रघाती कृत्यको गहिरो, सूक्ष्म र निष्पक्ष छानबिन हुनुपर्छ, बाहिर देखिएका र पर्दाभित्रका अपराधीहरुसमेतलाई कडा कानुनी कारबाही हुनुपर्छ’, पारित प्रस्तावमा उल्लेख छ ।



**केन्द्रीय कमिटी सन्तुलित**

महाधिवेशनले पास गरेको प्रस्ताव अध्यक्ष केपी ओलीले शुक्रबार पहिलो केन्द्रीय कमिटी बैठकमा राखेका थिए । ओलीले एमाले पुस्तान्तरणको बहसभन्दा काममा विश्वास गर्ने पार्टी भएको बताउँदै केन्द्रीय कमिटी सन्तुलित, समावेशी र पुस्तागत प्रतिनिधित्वयुक्त रहेको दाबी गरे । ‘अरूले हस्तान्तरण र पुस्तान्तरणका कुरा गर्छन्, हामी काम गर्छौं,’ ओलीले भने । केन्द्रीय कमिटीमा नयाँ अनुहार समेटिएको उल्लेख गर्दै उनले भने, ‘महिलाको राम्रो सहभागिता छ, पुरानो अनुभवी पुस्ता पनि छ र नयाँ पुस्ता पनि छ ।’ ७७ वर्षको इतिहास बोकेको पार्टीको केन्द्रीय कमिटीमा जेनजी पुस्ताको उपस्थिति महत्त्वपूर्ण भएको बताउँदै ओलीले भने, ‘यत्रो पार्टीको केन्द्रीय कमिटीमा जेनजी अटाउने कुरा सानोतिनो होइन, त्यो हामीसँग छ ।’

**दोस्रो बैठक पुस २६ मा**

एमाले केन्द्रीय कमिटीको दोस्रो बैठक पुस २६ देखि २८ गतेसम्म बस्ने भएको छ । पोलिटब्युरो र स्थायी कमिटी गठनलगायतका विषयमा निर्णय गर्न पुस २६ गते केन्द्रीय कमिटीको दोस्रो बैठक तय गरिएको हो । सोही बैठकले विभिन्न पदमा मनोनयनसमेत गर्नेछ । ११औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीको शुक्रबार बसेको पहिलो बैठकले दोस्रो बैठकले यो निर्णय गरेको हो । पहिलो बैठकमा पाँच वटा मुख्य अजेन्डा पेस गरिएको थियो ।

पहिलो बैठकका अजेन्डा महाधिवेशनस्थलमा शपथ लिन गर्न छुटेका नवनिर्वाचित केन्द्रीय पदाधिकारी र सदस्यलाई शपथ गराउने, विधान सम्पादन तथा प्रकाशन, पार्टीभित्र कार्यविभाजनका लागि केन्द्रीय सचिवालयलाई अख्तियारी प्रदान गर्ने, सल्लाहकार परिषद् गठनसम्बन्धी नीतिगत निर्णय गर्ने, केन्द्रीय कमिटीको दोस्रो बैठक तयसम्बन्धी थिए । यी सबै अजेन्डामा छलफल भएपछि अध्यक्ष ओलीले बाँकी कुरा पुस २६ मा बस्ने बैठकबाट टुंगो लगाउने बताएका थिए ।

# पहिला पालिका उपाध्यक्ष, अहिले पक्षीपालक

पृष्ठ १ बाट

आज ग्राहक कालिज फार्म खोज्दै आइपुग्छन् । सैनिक, प्रहरी र कर्मचारी उनका नियमित ग्राहक हुन् । हाल उनीसँग एक सय ४० भन्दा बढी कालिज, तीन सयभन्दा बढी स्थानीय जातका कुखुरा र ५० भन्दा बढी हाँस छन् । पोथी कालिज दुई हजार र भाले तीन हजार रुपैयाँमा बिक्री हुन्छ ।

स्थानीय कुखुराको मूल्य पनि उस्तै छ । तीन हजार सात सय वर्गमिटर क्षेत्रमा फैलिएको उनको फार्म जिल्लाकै ठुलोमध्ये पर्छ । हालसम्म दुई करोड रुपैयाँभन्दा बढी लगानी भइसकेको छ । ‘अहिले त पक्षीमा लाग्ने रोग आफैं चिन्न र उपचार गर्न सक्छु’, उनी भन्छिन् । कर्णाली प्रदेशबाट उत्कृष्ट कृषक पुरस्कारले सम्मानित भइन् । उनको फार्म अवलोकन गर्न वार्षिक कम्तीमा एक सय ५० जनाभन्दा बढी पुग्छन् । धेरै किसान यहींबाट कुखुरा र कालिजका चल्ला लिएर नयाँ यात्रा सुरु गरिरहेका छन् ।

गंगाको परिवार ६ जनाको छ । उनले ‘गौतम पशुपक्षी पालन फार्म’ दर्ता गरेकी छन् । उनी हरेक दिन कालिजको हेरचाहमै आफ्नो ध्यान केन्द्रित गर्छिन् ।’ जुम्ला कालिज पालनका लागि उपयुक्त हावापानी भएको क्षेत्र हो । यहाँ हजारौंको संख्यामा कालिज पालन गरेर आन्तरिक तथा ग्रामीण पर्यटनलाई टेवा पुर्‍याउन सकिन्छ । उनका दुई छोरी एक छोरा र सासूआमा छन् । गंगाले भनिन्, ‘जेठी छोरी अमेरिकामा नर्सिङ पढ्दैछिन् । माइली छोरी नेपालगन्ज र कान्छो छोरा जुम्ला सदरमुकाम खलंगामै रहेको एसिया बोर्डिङमा अध्ययनरत छन् । पक्षीपालनबाट वार्षिक २० लाख रुपैयाँबराबरको कारोबार हुन्छ । खर्च धेरै भए पनि सन्तुष्टि ठुलो छ ।’

पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लाका प्रमुख ज्ञानेन्द्र सिंह बुढ्थापाका अनुसार जुम्लाजस्तो चिसो भूगोलमा कालिजपालन गरेर गंगाले सम्भावनाको ढोका खोलेकी छन् । ‘उहाँले अरू किसानलाई पनि आत्मनिर्भरताको बाटो देखाउनुभएको छ’, उनी भन्छन् । जुम्लामा पालिएको कालिजको मासुको गुणस्तर र स्वाद निकै फरक हुने उनी बताउँछन् ।

कालिजको मासु, सेकुवा, सुपलगायतका परिकार बनाइन्छ । गंगाका लागि यो व्यवसाय केवल आम्दानीको स्रोत होइन; यो आत्मसम्मान, श्रम र वैकल्पिक राजनीतिक संस्कारको अभ्यास हो । सत्ता सकिएपछि पनि समाजमा आत्मनिर्भर बनेर उभिन सकिने उदाहरण बनेकी छन् पूर्वउपाध्यक्ष गंगा ।

# थुनामुक्तपछि रविले भने- हिसाब मिलाउन बाँकी छ

पृष्ठ १ बाट

सभापति लामिछाने भैरहवास्थित रूपन्देही जिल्ला अदालतमा शुक्रबार तीन करोड ७४ लाख ८४ हजार रुपैयाँ धरौटी रकम बुझाएर थुनामुक्त भएका हुन् । लामिछाने अदालतमै उपस्थित भएर तोकिएको रकम बराबरको बैंक जमानत बुझाएर छुटेको अदालत प्रशासनले जनाएको छ । बिहीबार मात्रै उच्च अदालत तुलसीपुरको बुटवल इजलासले बिगोबापतको रकम बुझाएर बाहिर बसेरै पुर्पक्ष गर्न पाउनुपर्ने लामिछानेको माग सदर गर्दै थुनामुक्त गर्ने आदेश गरेको थियो । त्यसमा सुप्रिम सहकारी ठगीमा मागदाबी गरिएको बिगो रकममध्ये दुई करोड ७४ लाख ८४ हजार उनको हिस्सा थियो । यस्तै आदेशमै सुरु अदालतको पुर्पक्षका क्रममा भएको थप एक करोड धरौटी पनि स्वीकार गर्न अर्को सर्त राखिएको थियो । जसअनुसार लामिछानेले तीन करोड ७४ लाख ८४ हजार रुपैयाँ धरौटी बुझाउनुपरेको हो ।

लामिछाने काठमाडौंबाट हवाईजहाजमा भैरहवा जाने तयारीमा थिए । खराब मौसमका कारण उनी चितवनसम्म हवाईजहाजमा गई त्यहाँबाट गाडीबाट भैरहवा कारागार पुगेका थिए । उनी कारागार पुग्दा साँझ पौने ६ बजेको थियो ।

# सरकारको मिसन चुनाव, तयारी तीव्र

पृष्ठ १ बाट

कार्कीले सम्बोधनका क्रममा निर्वाचनलाई सफल पार्न राजनीतिक दललगायत सबै पक्षलाई आग्रह गर्ने छन् । कार्कीका अनुसार चुनाव कसैको हार-जित नभई लोकतन्त्र र सुशासन जिताउने अभियान हो र जनताले चाहेको भ्रष्टाचारमुक्त समाज र सुशासनयुक्त सरकारको चाहना पूरा गर्ने वैधानिक बाटो पनि चुनाव नै हो । सम्बोधनका क्रममा उनले जेनजीलाई पनि आक्रोश र सपनालाई मतपत्रमा व्यक्त गर्न आग्रह गर्ने स्रोतले बतायो ।

**सरकारका उपलब्धि**

सरकारले मिलेमतोमा ठेक्का हात पार्ने, विकास आयोजनाहरूको कामै नगर्ने र राज्यको स्रोतसाधन दुरुपयोग गर्नेहरूको माखेसाङ्लो तोड्न लागिपरेको जनाएको छ। फजुल खर्च नियन्त्रण र वित्तीय सुशासनमा ठोस कदम चालेको, पदमा रहँदा र अवकाश भइसकेपछि पनि कतिपयले लिइरहेको अनधिकृत र अवाञ्छित सुविधा कटौती गरेको, मापदण्डविपरीत खटिएका ५०० सुरक्षाकर्मी र सवारी साधनहरू फिर्ता गरी जनताको सेवामा परिचालन गरेको, अनावश्यक ३८ वटा कार्यालय खारेज र ३२३ वटा दरबन्दी कटौती गरी राज्यको व्ययभार घटाइएको, १ खर्ब १९ अर्ब रुपैयाँबराबरको बजेट पुनःप्राथमिकीकरण गरी विकासका ठुला आयोजनामा स्थानान्तरण गरिएको, थलिएका व्यवसायीहरूका लागि ‘एकीकृत व्यावसायिक पुनरुत्थान योजना’ कार्यान्वयनमा ल्याइएको जस्ता विषयलाई सरकारले उपलब्धि ठानेको छ ।

त्यसैगरी ‘हेलो सरकार’मार्फत ५० हजारभन्दा बढी गुनासाहरू सम्बोधन गरिएको, काठमाडौंमा दैनिक २० करोड लिटर मेलम्चीको पानी सुनिश्चित गरिएको, राष्ट्रिय प्रसारण लाइनमा १०१ मेगावाट विद्युत् थपिएको भन्दै सरकारले तिनलाई पनि उपलब्धिमा राखेको छ। जेनजी आन्दोलनको भावनाअनुसार सुशासन र निर्वाचनलाई नै अर्जुनदृष्टि बनाएको भन्दै सरकारले यसलाई पनि उपलब्धिको सूचीमा राखेको छ ।

**निर्वाचनसम्बन्धी अध्यादेश जारी**

यसैबिच राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचनसम्बन्धी अध्यादेश जारी गरेका छन् । उनले नेपालको संविधानको धारा ११४ को उपधारा १ बमोजिम सरकारबाट सिफारिस भइआएको ‘प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२’ शुक्रबार साँझ जारी गरेका हुन् । सरकारले बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकमा निर्णय गरेर निर्वाचनसम्बन्धी अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो ।


## सागर डिष्टिलरी लिमिटेडको तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०८२/०९/०५

आदरणीय शेयरधनी महानुभावहरु,
यस कम्पनीको मिति २०८२।०९।०३ गते बिहिबार दिनको ४:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**
मिति : २०८२।०९।२७ गते, आइतबार (तदनुसार ११ जनवरी २०२६)
समय : बिहान ९:३० बजे।
स्थान : इला रिसोर्ट, गैंडाकोट, नवलपुर

**छलफलका विषयहरुः**
**क) सामान्य प्रस्तावहरुः**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात र सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने।
३. आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको परिश्रमिक निर्धारण गर्ने सम्बन्धमा (हालको लेखापरिक्षक लालवानी ऐण्ड एसोसिएट्सका लेखा परिक्षक निश्चल लालवानीज्यू पुनः नियुक्तीका लागि योग्य हुनु हुन्छा),
४. सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने।
५. संस्थापक शेयरधनी समूहको तर्फबाट रिक्त सञ्चालक पदमा नियुक्त हुनु भएका सञ्चालकज्यूको नियुक्तीलाई अनुमोदन गर्ने सम्बन्धमा,
**ख) विशेष प्रस्तावः**
१. कम्पनी ऐन, २०६३ को दफा १०५ (१) (ख) बमोजिम कम्पनीको व्यवसाय सचालनको लागि कर्जा प्राप्त गर्ने र सोसँग सम्बन्धित अख्तियारी सम्बन्धमा।
**ग) विविध।**

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**वार्षिक साधारण सभा सम्बन्धी थप जानकारीः**
१. तेस्रो वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१४ गते (१) एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरिएको छ। मिति २०८२/०९/१३ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस कम्पनीको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा रहेका शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन तथा मतदान दिन सक्नेछन्।
२. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान ८:३० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले हितग्राही खाता खोलिएको (डिम्याट)/शेयर प्रमाण पत्र वा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी साथमा लिई आउनु हुन अनुरोध छ। अन्यथा सभा हुने स्थानमा प्रवेश गरी छलफल तथा मतदानमा भाग लिन पाईने छैन।
४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ति गर्दा प्रोक्सी पत्र साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको कर्पोरेट कार्यालयमा (काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ०१, लालकोलोनी मार्ग) दर्ता गराउनु पर्नेछ। प्रोक्सी दर्ता गरिसकेपछि सो वदर गराउन चाहेमा सोको सूचना सभा हुनुभन्दा २४ घण्टा अगावै प्रोक्सी दर्ता गरेको स्थानमा लिखित निवेदन दर्ता गर्नुपर्नेछ। प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफैसँग बाँकी राखी प्रतिनिधि मुकरर गर्न पाईने छैन। सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ। प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वतः रद्द हुनेछ।
५. सर्वसाधारण समुहको निर्वाचन सम्बन्धी कार्यक्रम वार्षिक साधारण सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीको कर्पोरेट कार्यालय लालदरबार काठमाण्डौको सूचना पटीमा टाँस गरिनेछ।
६. सञ्चालक निर्वाचन सम्बन्धमा कम्पनीको कर्पोरेट कार्यालय स्थित सागर डिष्टिलरी लिमिटेड, निर्वाचन अधिकृतको कार्यालय, काठमाडौं - ०१, काठमाडौंले प्रकाशन गरेको निर्वाचन कार्यतालिका अनुसार हुनेछ।
७. नाबालक वा अशक्त/विक्षिप्त व्यक्ति शेयरधनीहरुको हकमा यस कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन र प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनुहुनेछ।
८. प्रतिनिधि नियुक्त गर्ने शेयरधनी कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी वा संगठित संस्थाले नियुक्ती गर्ने व्यक्तिको नाम ठेगाना र परिचयपत्र सहित सो संस्था वा कम्पनीको आधिकारिक लेटरहेडमा सो कुरा खुलाई संस्थाको छाप, आधिकारिक व्यक्तिको दस्तखत भएको हुनुपर्नेछ। संस्थागत शेयरधनी बाहेक अरुले प्रतिनिधि नियुक्त गर्दा प्रोक्सी मार्फत कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र गर्न सकिनेछ।
९. विविध शीर्षक अन्तर्गत सभामा छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा सात दिन अगावै छलफलको विषय खोली कम्पनी सचिव मार्फत लिखित रुपमा सञ्चालक समितिका अध्यक्षलाई जानकारी दिनुपर्नेछ।
१०. संचालक निर्वाचन सम्बन्धी विस्तृत जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय काठमाडौ - १ स्थित निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।
११. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा यस कम्पनीको केन्द्रीय कार्यालय काठमाडौ-१ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा वेवसाईट www.sagardistilleries.com मा हेर्नहुन अनुरोध छ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोटःयस कम्पनीको तेस्रो वार्षिक साधारण सभा सम्बन्धमा मिति २०८२/०९/०४ गते नेपाल समाचारपत्रमा प्रकाशित सूचनामा छलफलका विषयहरु अन्तर्गत भुलवश विशेष प्रस्ताव उल्लेख गर्न छुट भएको हुनाले यसै सूचना मार्फत् सो सच्याई प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

SAGAR DISTILLERY
**सागर डिष्टिलरी लिमिटेड**
रजिष्टर्ड कार्यालयः देवचुली-१, केउरेनी, नवलपुर
कर्पोरेट कार्यालयः काठमाडौं-१, लाल कोलोनी मार्ग
ईमेलः marketing@sagardistilleries.com
वेभसाईटः www.sagardistilleries.com



**अमादब्लम मिनि हाईड्रो लि.**
काठमाडौं महानगरपालिका-04, काठमाडौं,बागमती
**तेस्रो वार्षिक साधारण सभाको सूचना (आ.व. २०८२/८३)**
दोस्रो पटक प्रकाशित मितिः २०८२।१०।०५
**शेयरधनी महानुभावहरु,**
**अमादब्लम मिनि हाईड्रो लि.**
मिति २०८२/०८/२५ गते बसेको यस कम्पनीको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, स्थान तथा समयमा निम्न विषयहरुमा छलफल गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि अनुरोध गरिएको छ।
**स्थान** : सिद्धार्थ बुटिक होटल, बौद्ध, काठमाडौं
**मिति** : २०८२/०९/२३
**समय** : दिनको १:०० बजे
**साधारण प्रस्तावहरु**
१. संचालक समितिको प्रतिवेदन माथि छलफल।
२. आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन उपर छलफल गर्ने।
३. चालू आर्थिक वर्ष २०८२/८३ लेखापरीक्षक नियुक्त गर्ने बारे।
४. विविध सम्बन्धमा।
**विविध प्रस्तावहरूः**
**तेस्रो वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**
१. वार्षिक साधारण सभाको सूचना तथा संक्षिप्त प्रतिवेदन प्रत्येक शेयरधनीको उपलब्ध ठेगानामा हुलाक/कुरियर/इमेल/मेसेन्जर मार्फत पठाइने छ। वार्षिक साधारण सभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।
२. साधारण सभामा उपस्थित हुँदा प्रवेशपत्र वा शेयर प्रमाणपत्र लिई उपस्थित हुन अनुरोध गरिन्छ।
३. शेयरधनी महानुभावहरूको उपस्थिती पुस्तिकामा दस्तखत गर्ने शेयरधनी पुस्तिका बिहान ११:३० बजे देखि खुल्ला गरिनेछ।
४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा सुरु हुन भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय कामकाजको समयमा दर्ता गराई सक्नु पर्ने छ।
**संचालक समितिको आज्ञाले,**
**कम्पनीको सचिव**



## वर्गीकृत विज्ञापन/डिस्प्ले

**घरजग्गा**

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमाः 9841420589

लुभु बसपार्कबाट दक्षिण दिशामा ३ आना जग्गा तुरुन्त बिक्रीमाः ९८४१२९८३६९

गोदावरीबाट २ कि.मी. को दुरीमा जग्गा सस्तो मुल्यमा बिक्रीमाः ९८६०२९८०३५, ९८४१२१५६८४

**मोटरसाइकल हरायो**

मिति २०८२।०८।२२ गते दिनको अं. १३:०० बजेदेखी ऐ १५:३० बजेको समयमा जिल्ला ललितपुर महालक्ष्मी न.पा. वडा नं. १ किष्ट अस्पतालको पार्किङमा पार्किङ गरी राखेको बाग्मती प्रदेश ०२-०५६ प २२६४ नम्बरको १५० सिसि को पल्सर मोटरसाईकल हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरि दिनुहुन अनुरोध गर्दछु।
कम्पनीको नाम : **बजाज पल्सर १५० cc**
मोटरसाईकल नं.: **बा.प्र. ०२-०५६ प २२६४**
मोटरसाईकलको रङ्गः **रातो/ कालो**
ईन्जिन नं.: **DKXPSK59608**
च्यासिस नं.:**MO2A11CX3SPK65645**
सवारी साधन धनीः **हरि बहादुर रायमाझी**
सम्पर्कः ९७६३६८२९८२



## अपर बलेफी हाइड्रोपावर लिमिटेडको वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित)

*श्री आदरणीय शेयरधनी महानुभावहरु,*
यस कम्पनीको मिति २०८२/०९/०४ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको वार्षिक साधारण सभामा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्नको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थिति तथा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय, स्थानः**
**मिति** : २०८२/०९/२८ (तदनुसार, जनवरी १२, २०२६)
**स्थान** : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका-१०, गोल्याण टावर
**समय** : दिनको १:०० बजे

**साधारण सभामा प्रस्तुत हुने छलफलका विषयहरुः**
क) सामान्य प्रस्तावः
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन सम्बन्धमा।
२. कम्पनीको आ.व. २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान, हिसाब किताब र नगद प्रवाहको विवरण लगायत वित्तीय विवरणहरु सम्बन्धमा।
३. कम्पनीको आ.व.२०८२।८३ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. विविध।
अध्यक्षको अनुमतिमा अन्य कुनै प्रस्ताव(हरु)।

**संचालक समितिको आज्ञाले**
**मो. साहिन एकवाल**
**कम्पनी सचिव**



## मिजु इनर्जी लिमिटेडको वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित)

*श्री आदरणीय शेयरधनी महानुभावहरु,*
यस कम्पनीको मिति २०८२/०९/०४ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको वार्षिक साधारण सभामा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्नको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थिति तथा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय, स्थानः**
**मिति** : २०८२/०९/२८ (तदनुसार, जनवरी १२, २०२६)
**स्थान** : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका-१०, गोल्याण टावर
**समय** : दिनको १२:०० बजे

**साधारण सभामा प्रस्तुत हुने छलफलका विषयहरुः**
क) सामान्य प्रस्तावः
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन सम्बन्धमा।
२. कम्पनीको आ.व. २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान, हिसाब किताब र नगद प्रवाहको विवरण लगायत वित्तीय विवरणहरु सम्बन्धमा।
३. कम्पनीको आ.व. २०८२।८३ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. विविध।
अध्यक्षको अनुमतिमा अन्य कुनै प्रस्ताव(हरु)।

**संचालक समितिको आज्ञाले**
**संचालक अध्यक्ष**



## Molung Rural Municipality
**Office of the Rural Municipal Executive**
**Prapcha, Okhaldhunga**

**Invitation for Bids**

First Date of Publication: 19-12-2025

Molung Rural Municipality, office of the Rural Municipal Executive, Okhaldhunga invites only Electronic Bids from eligible bidders for the following Goods Items under SQ.
For the further information, please visit E-GP portal of PPMO i.e. (https://www.bolpatra.gov.np ).

| S.N. | Description of Work | Contract Identification No. | Last date of bid submission | Bid Security amount NRs | Bid Document Fee NRs |
|---|---|---|---|---|---|
| 1. | Procurements of Stationery and Miscellaneous Items. | 02/SQ/GOODS/ STM/082/083 | 04-01-2026 12:00 | 56000 | 1000 |


# स्थानीयको पहलमा गुम्बा निर्माण

भोजपुर, पुस ४ (रासस)- स्थानीयवासीको पहल, श्रम र आर्थिक सहयोगबाट भोजपुर सदरमुकामनजिकैको पानीट्यांकी क्षेत्रमा ‘पेमा छ्योलिङ बौद्ध गुम्बा’ निर्माण गरिएको छ । बौद्ध धर्म-संस्कृतिको संरक्षणसँगै धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले करिब दुई करोड ३५ लाख लागतमा गुम्बा निर्माण गरिएको हो । देश तथा विदेशमा रहेका शेर्पा समुदायको उल्लेख्य योगदान र प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा गुम्बा निर्माण गरिएको गुम्बा व्यवस्थापन समितिका कोषाध्यक्ष आङदावा शेर्पाले जानकारी दिए । उनका अनुसार कुल लागतको करिब ७८ प्रतिशत रकम शेर्पा समुदायबाट चन्दा संकलन गरी जुटाइएको हो ।

धर्म, संस्कार र संस्कृतिको संरक्षणका लागियको सक्रियतामा गुम्बा निर्माण गरिरहेका छौं,’ कोषाध्यक्ष शेर्पाले भने, ‘हालसम्म करिब दुई करोड ३५ लाख बराबरको निर्माण सम्पन्न भइसकेको छ ।’ हालसम्म प्रदेश सरकारबाट ३१ लाख रुपैयाँ, भोजपुर नगरपालिकाबाट १७ लाख रुपैयाँ, वडा कार्यालयबाट ६ लाख तथा स्थानीय समुदायबाट एक करोड ८१ लाख रुपैयाँ चन्दा संकलन गरिएको समितिले जनाएको छ । गुम्बा परिसरमा एक व्यक्तिले व्यक्तिगत रूपमा २७ लाख खर्च गरी छोर्तेन निर्माण गरिदिएका छन् । हाल अमेरिका रहेका फराडेन्डी शेर्पाले आफ्नै लगानीमा छोर्तेन निर्माण गरिदिएका हुन् ।

रगुम्बा निर्माणका लागि वडा नम्बर ७ र ९ का करिब ११४ शेर्पा परिवारले न्यूनतम २० हजार रुपैयाँका दरले सहयोग गरेका गुम्बा व्यवस्थापन समितिले जनाएको छ । गुम्बा निर्माण कार्य विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी योजनाबद्ध रूपमा अघि बढाइएको छ । गुम्बाको बाँकी तथा थप संरचना निर्माणका लागि आवमा वडा कार्यालयबाट दुई लाख र नगरपालिकाबाट ५ लाख बजेट विनियोजन गरिएको वडाध्यक्ष रामबहादुर तामाङले बताए । उनका अनुसार विगतका वर्षदेखि नै वडाको उपलब्ध स्रोत-साधनअनुसार गुम्बाको संरक्षण र विकासमा निरन्तर सहयोग हुँदै आएको छ ।